शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा,अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प.स-२०८३/०८४
च.नं

मितिः२०८३।०८।०१

विषयः फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यका लागि प्रस्ताव आह्वान गरिएको सूचना ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११ को उपदफा २ (झ) प्रयोजनका लागि यस शितगंगा नगरपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य तथा सरसफाइ कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न फोहोरमैला संकलन, ढुवानी तथा व्यवस्थापन कार्य गर्नुपर्ने भएकोले योग्य तथा इच्छुक व्यक्ति, फर्म वा सेवा प्रदायकहरूबाट तपसिलका सर्तहरूको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा सिलबन्दी दरखास्त/प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

कामको विवरण तथा आवश्यक सर्तहरूः

१. **कार्यक्षेत्र (फोहोर संकलन गर्नुपर्ने स्थान)** - यस नगरपालिका क्षेत्रभित्र कालोपत्रे सडक किनारमा अवस्थित वडा नं। २ को लाहुरे बजारदेखि बुढीचौर, डमर दह क्षेत्र, हटिया बजार, साहुटोल, सानादह, अमराई बजार, चाक्ला बजार र हिलेखोलासम्मका आवासीय घर, पसल, व्यावसायिक प्रतिष्ठान, विद्यालय तथा कार्यालयहरूबाट संकलित फोहोरमैला उठाउनुपर्नेछ ।

२. **कार्य तालिका र समय-** प्रत्येक हप्तामा शनिवार समय तोकी फोहोर संकलन तथा ढुवानी कार्य सम्पन्न गर्नुपर्नेछ ।संकलित फोहोर एक ट्रिपमा नसकिएमा अतिरिक्त ट्रिप पनि जानुपर्नेछ । फोहोर ढुवानी गर्ने साधन आउनुअगावै सांकेतिक सूचना प्रदान गरी उपभोक्तालाई सूचित गर्ने व्यवस्था गर्नुपर्ने ।

३. **फोहोर विसर्जन स्थल-** संकलित फोहोरमैला अर्को व्यवस्था नभएसम्म नगरपालिकाले तोकेको कोप्चेवासस्थित अमरावती सामुदायिक वन क्षेत्रभित्र रहेको प्रस्तावित डम्पिङ साइटमा लगी व्यवस्थित रूपमा विसर्जन गर्नुपर्नेछ ।

४. **सवारी साधन तथा जनशक्ति व्यवस्था-** फोहोर संकलन तथा ढुवानीका लागि आवश्यक सवारी साधन, इन्धन, मर्मतसम्भार तथा आवश्यक कामदारको व्यवस्था स्वयं सेवा प्रदायकले नै गर्नुपर्नेछ ।

५. **दुर्घटना/बीमा-** सवारी साधन र संलग्न कर्मचारी सहित अन्य ब्यक्तिलाई दुर्घटनाको कारण कुनै क्षति पुग्न गएमा त्यस सम्बन्धी बीमा वा उपचार लगायतका क्षतिपूर्ति खर्च स्वयं सेवा प्रदायकले गर्नुपर्नेछ ।

६. **आवश्यक कागजातहरू-** दरखास्त/प्रस्ताव साथ निम्नलिखित कागजातहरूको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ।
   - क नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (फर्म/संस्थाको हकमा दर्ता प्रमाणपत्र तथा प्यान/भ्याट दर्ता प्रमाणपत्र)।
   - ख फोहोर ढुवानीका लागि प्रयोग गरिने सवारी साधनको ब्लुबुक तथा नवीकरण भएको प्रमाणको प्रतिलिपि
   - ग फोहोर संकलन तथा विसर्जन गरेबापत लाग्ने एकमुष्ठ दररेट (करसहित) खुलेको प्रस्तावना वा दररेट उल्लेख भएको निवेदन ।
   - घ दररेट पेश गर्दा प्रतिहप्ता अधिकतम रु.९,०००।०० मा नबढ्ने गरी पेश गर्नुपर्नेछ ।
   - ङ स्थानीय स्तरमा सरसफाइ वा ढुवानी कार्य गरेको अनुभव भए सोको प्रमाणपत्र ।

७. **छनोट तथा सम्झौता प्रक्रिया-** रितपूर्वक पर्न आएका प्रस्तावहरूमध्ये नगरपालिकाको मूल्याङ्कन समितिबाट न्यूनतम कबोल गर्ने तथा योग्य ठहरिएको आवेदकलाई छनोट गरी सेवा सम्झौता गरिनेछ ।

८. **अन्य सर्तहरू-** रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुनेछैन । प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

नोटः यस सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

२०८३/०८/०१

नारायणप्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत